**सुरक्षित ताप**

- आफ्नो घरमा स्मोक र कार्बन मोनोअक्साइड पत्ता लगाउने डिटेक्टरहरू राख्नुहोस्। कार्बन मोनोअक्साइड भनेको घरमा तताउने वा हिटिङ स्रोतहरूका लागि राम्रोसँग भेन्टिलेसनको व्यवस्था गरिएको छैन वा घरभित्रै जेनेरेटर प्रयोग गरिन्छ भने घरमै बन्ने एक घातक रङहीन र गन्धविहीन ग्यास हो।
- ग्रिल वा ओभन जस्ता "कामचलाउ" तापको स्रोत प्रयोग कहिल्यै नगर्नुहोस् किनभने तिनीहरूमा आगो वा कार्बन मोनोअक्साइडको खतराहरू हुन सक्छ।
- सबै हिटिङ भेन्टहरू सफा छन् र घरबाट बाहिर निस्कन्छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् र त्यस्तो छैन भने घातक कार्बन मोनोअक्साइड बस्ने ठाउँहरूमा जम्मा हुँदै जान्छ। विशेषगरी भुइँ तलाका हिटिङ भेन्टहरू जम्मा भएको हिउँले गर्दा टाल्लिने सम्भावना बढी हुन्छ, त्यसैले आफ्नो भेन्टहरूको जाँच गर्नुहोस् र आवश्यकताअनुसार हिउँ तथा अन्य अवरोधहरू हटाएर सफा गर्नुहोस्।
- यदि तपाईंले कुनै पनि कारणका लागि जेनेरेटर प्रयोग गर्नुहुन्छ भने यसलाई सधैँ बाहिर र झ्याल तथा ढोकाभन्दा टाढा प्रयोग गर्नुहोस्। जेनेरेटरबाट निस्कने पदार्थ कार्बन मोनोअक्साइडको अर्को स्रोत हो।
- जाडो यामको सुरक्षासम्बन्धी थप जानकारीका लागि भर्मोन्ट स्वास्थ्य विभागको विन्टर सेफ्टी पेज (जाडो याम सुरक्षा पृष्ठ) मा जानुहोस्।
- जल्न सक्ने कुनै पनि वस्तुलाई तापको कुनै पनि स्रोतबाट कम्तीमा पनि तीन फिट टाढा राख्नुहोस्।
- चिसो मौसम वा आँधीबेहरीभन्दा अघि नै आफ्नो हिटिङ इन्धनको स्तर जाँच गर्नुहोस्। मौसम वा बढ्दो मागको कारण डेलिभरीमा ढिलाइ हुन सक्छ, त्यसैले तपाईंसँग पर्याप्त आपूर्ति छ कि छैन भनी सुनिश्चित गर्नुहोस्।